# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
# Rasuwagadhi Hydropower Company Limited

महाराजगंज, काठमाण्डौ, नेपाल, फोन न. ०१-४३७१७४४, ४३७१७९४, फ्याक्स नं. ०१-४३७१७२५
इमेल: info@rghpcl.com.np, वेभसाइट: www.rghpcl.com.np

## दशौं तथा एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०२/१३ गते)

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

मिति २०८१/०२/१२ गते बसेको यस कम्पनीको संचालक समितिको ३२२औं बैठकको निर्णय अनुसार कम्पनीको दशौं र एघारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपशिल बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध छ ।

**साधारण सभा बोलाउने मिति, स्थान र समय:**

**मिति** : २०८१ साल आषाढ ११ गते मंगलबार (तदनुसार २५ जुन २०२४)
**स्थान** : कुण्डलिनी दरवार ब्याङ्क्वेट, चण्डोल, काठमाडौं
**समय** : बिहान ११:०० बजे ।

**शेयर दाखिला खारेज मिति (Book Close Date): २०८१ साल जेठ २३ गते बुधबार ।**

**दशौं वार्षिक साधारण सभामा छलफल हुने विषय-सूची (आ.व. २०७८/०७९):**

**क. सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट पेश हुने आ.ब. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्तको वासलात तथा आ.ब. २०७८/०७९ को आर्थिक विवरणहरु (नाफा/(नोक्सान) हिसाव, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. विविध ।

**एघारौं वार्षिक साधारण सभामा छलफल हुने विषय-सूची (आ.व. २०७९/०८०):**

१. संचालक समितिको तर्फबाट पेश हुने आ.ब. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको वासलात तथा आ.व. २०७९/०८० को आर्थिक विवरणहरु (नाफा/(नोक्सान) हिसाव, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनीको आ.व. २०७९/०८० का लागि श्री महालेखापरीक्षकको कार्यालयबाट सिफारिस भई श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट नियुक्त लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।
४. कम्पनीको आ.व. २०८०/०८१ का लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. विविध ।

**ख. बिशेष प्रस्तावहरु:**

१. संचालक समितिका सदस्यहरुको बैठक भत्ता तथा सुविधा सम्बन्धमा ।
२. कम्पनीको संचालक समितिमा सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना संचालकहरुको निर्वाचन सम्बन्धमा ।
३. कम्पनीको संचालक समितिमा रहने २ जना स्वतन्त्र संचालकको मनोनयन/निर्वाचन सम्बन्धमा ।

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१) यस रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८१/०३/११ गते बस्ने दशौं र एघारौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०२/२३ गते (एक दिन) शेयरधनी दर्ता पुस्तिका बन्द गरिने ब्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०२/२२ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंमा प्राप्त सेयर दाखिला खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन, छलफल गर्न तथा मतदान गर्न पाउने व्यहोरा जानकारीको लागि अनुरोध छ ।
२) कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
३) संयुक्त रुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।
४) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सकिनेछ ।
५) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नक्साल, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।
६) प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्न चाहेमा वा आफै सभामा सहभागी भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनुभन्दा ७२ घण्टा अगावै शेयर रजिष्ट्रारको कार्यालयमा दिनुपर्नेछ । नयाँ नियुक्त प्रतिनिधिको हकमा माथि बुँदा नं. ४ र ५ मा उल्लेख भए बमोजिम हुनेछ ।
७) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा बुँदा नं. ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।
८) विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको बिषय बारे सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय कपनमार्ग, महाराजगञ्ज, काठमाडौंमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल हुने छैन ।
९) यसै साधारण सभाबाट कम्पनीको प्रबन्धपत्र तथा विनियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधारण समूहबाट प्रतिनिधित्व हुने १ जना महिला सहित ४ जना संचालकहरुको निर्वाचन हुने भएकाले सो सम्बन्धी सम्पूर्ण जानकारी सभा हुनुभन्दा १५ दिन अगावै कम्पनीमा स्थापना हुने निर्वाचन अधिकृतको कार्यालय र कम्पनीको सूचना पाटीमा टाँस गरिनेछ ।

**द्रष्टव्य:** वार्षिक साधारण सभाको सूचना सहितको छलफलको विषय सूची तथा निर्वाचन सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको वेवसाइट www.rghpcl.com.np मा हेर्न सकिनेछ ।